unite for children

unicef

प्रेस विज्ञप्ति

**एकीकृत स्वास्थ्य रणनीतिले बालबालिकको जीवन जोगाउन सक्छ, युनिसेफको अगुवाइमा तयार पारिएको विश्वका बालबालिकाको अवस्थासम्बन्धी प्रतिवेदन २००८**

***जेनेभा, २२ जनवरी २००८-*** आफ्नो पाँचौ जन्मदिन मनाउन नपाउँदै ज्यान गुमाउने गरेका बालबालिकाको संख्यामा कमी ल्याउन सक्ने केही रणनीतिहरू युनिसेफको अगुवाइमा तयार गरिएको- विश्वका बालबालिकाको अवस्थासम्बन्धी प्रतिवेदन २००८: " बाल जीवन रक्षा" को जेनेभामा आयोजित विमोचन कार्यक्रममा आज चर्चा गरियो ।

अहिलेको ताजा तथ्याङ्कले पाँच वर्ष मुनिका बालबालिकाको मृत्युमा कमी आएको देखाएको भए पनि विश्वका बालबालिकाको अवस्थासम्बन्धी प्रतिवेदन २००८ ले अंकमा मात्र सिमित नभई यस क्षेत्रमा थप प्रगतिका लागि उपयोगी थुप्रै गतिविधि र प्रयासहरूका बारेमा सल्लाह दिएको छ । (http://www.unicef.org/sowc08)

"समुदायस्तरमा आमा, भरखर जन्मिएको शिशु र हुर्किएका बालबालिकाका लागि अत्यावश्यक सेवाहरूलाई एकीकृत गरिनाले र राष्ट्रिय स्वास्थ्य प्रणालीको दिगो सुधारले हरेक वर्ष मृत्युको शिकार हुने पाँच वर्ष मुनीका २६ हजार भन्दा बढी बालबालिकाको जीवन जोगाउन सकिन्छ" युनिसेफका कार्यकारी निर्देशक आन. एम. भेनेमनले बताउनुभयो । "सो प्रतिवेदनले व्यापक मात्रामा स्तनपान, खोप अभियान, कीराहरू पस्न नसक्ने खालको झुल र भिटामिन "ए" को वितरण जस्ता समान्य जीवन जोगाउने उपायहरू र यी सबैले हालैका वर्षहरूमा बाल मृत्युमा कमी ल्याउन सहयोग पुऱ्याएका छन् भन्ने बारेमा व्याख्या गरेको ।"

सो प्रतिवेदनको विश्लेषणबाट के कुरा देखिएको छ भने उपचार र रोकथामका उपायसम्मको पहुँचलाई वृद्धि गर्न धेरै काम गर्न बाँकी रहेको र जसबाट निमोनियाँ, हैजा, औलो, गम्भीर कुपोषण र एचआइभी जस्ता रोगलाई धेरै राम्रोसँग सम्बोधन गर्न सकिन्छ ।

अहिलेको चुनौती भनेको बलियो राष्ट्रिय स्वास्थ्य प्रणालीमा आधारित स्वास्थ्य सेवामा सम्बन्धी बालबालिकाको पहुँच सुनिश्चित गर्नु हो ।

"यदि हामीले राष्ट्र संघद्वारा निर्धारित बाल स्वास्थ्यसम्बन्धी लक्ष्यसम्म पुग्नु छ भने स्वास्थ्य क्षेत्रमा लगानी बढाउँदै लैजानु जरुरी हुने छ तर स्वास्थ्य प्रणालीहरू कम्जोर हुँदा हुँदै पनि प्रगति भने हासिल गर्न सकिने छ," विश्व स्वास्थ्य संगठनका निर्देशक डा. मार्गरेट चानले बताउनुभयो । " धेरै मुलकका उदाहरणीय कार्यक्रमहरूले के देखाएको छ भने जहाँ हरेक बालबालिकासम्म एउटा प्याकेज कार्यक्रम एक पटक मात्र पुग्ने खालका एकीकृत अवधारणाले पनि तत्कालीन लाभ दिन सक्छ ।"

विश्वका बालबालिकाको अवस्थासम्बन्धी प्रतिवेदन २००८ मा नयाँ सूचनाहरू घरघरमा पुगेर गरिएको सर्वेका साथै विश्व स्वास्थ्य संगठन र विश्व बैंक लगयातका मुख्य साझेदारका समाग्रीहरूबाट लिइएका हुन ।

यस्ता सफल प्रयासहरूको उदाहरणका रुपमा बढ्दो बाल जीवन रक्षा र विकास प्रयास जसले सब साहारा अफ्रिकाका गरीब परिवारहरूहरूलाई एकीकृत प्राथमिक हेरचाह प्रदान गरेको छ र दादुरा नियन्त्रण सम्बन्धी एउटा विश्वव्यापी अभियान जसले विश्वभरमा दादुराबाट हुने ६८ प्रतिशत र सन् २००० देखि अफ्रिकामा ९० प्रतिशतभन्दा बढी मृत्युलाई घटाउन सकेको थियो त्यसलाई लिन सकिन्छ ।

बाल जीवन रक्षा सम्बन्धी अवधारणा बारे वकालत गरिएका प्रतिवेदनमा घरदेखि स्थानीय क्लिनिकहुँदै जिल्ला अस्पाताल र त्यसभन्दा पनि परसम्म क्रमबद्ध रुपमा रहेका आमाहरू, नवजात शिशु र हुर्किएका बालबालिका हेरचाह, साथै राम्रा रोग–केन्द्रित प्रयास, बलियो राष्ट्रिय स्वास्थ्य प्रणाली विकासका लागि भएको लगानीसँग जोडिएको कुरा देख्न सकिन्छ ।

सो प्रतिवेदनले स्थानीय समुदायलाई सहभागी बनाउनु पर्ने आवश्यकतालाई जोड दिन्छ । ती समुदायहरूले गुणस्तरीय स्वास्थ्य हेरचाहका लागि आवश्यक माग भर्दछन् र यदि सीमान्तकृत र दुर्गम क्षेत्रका बासिन्दासम्म पुग्नु छ भने उनीहरूको सहभागिता महत्वपूर्ण हुन्छ ।

जीवन जोगाउने रणनीतिको खाँचो सब–साहारा अफ्रिकामा अन्यत्रभन्दा बढि छ । यहाँ सरदरमा हरेक छ जना बालबालिकामा एक जनाले आफ्नो पाँचौ जन्मदिन मनाउनु पहिले नै मर्छन् । विश्वका एक चौथाई भन्दा कम बालबालिका मात्र बस्ने गरेको सब–सहारा अफ्रिका क्षेत्रमा मात्र २००६ मा विश्वको पाँच वर्ष मुनि हुने मृत्युको झण्डै आधा मृत्यु भएको थियो ।

सो प्रतिवेदनले युनिसेफ, विश्व स्वास्थ्य संगठन र विश्व बैंकले अफ्रिकी युनियनको उदय सँगै अफ्रिकी मुलुक र अन्य देशमामा मातृ र बाल मृत्युलाई कम गर्नसहयोग गर्न विकास गरेको रणनैनितक ढाँचाका बारेमा सूचना प्रदान गर्छ । यो ढाचाँले निम्न कुराका लागि आव्हान गर्छ :

- नीति र कार्यक्रमबारे जानकारी गराउन राम्रो तथ्याङ्क,
- भरपर्दो हेरचाह सुनिश्चित गर्न कुनै रोग विशेष र पोषणलाई संयुक्त रुपमा एकीकृत प्याकेजमा जान
- स्वास्थ्य प्रणालीलाई गति दिन तथा सुदृढ बनाउनु मातृ, नवजातशिशु र बाल स्वास्थ्य तथा पोषणलाई राष्ट्रिय रणनीतिक योजना प्रक्रियामा मुलप्रवाहीकरण गर्ने,
- गुणस्तरमा सुधार र वृद्धि, स्वास्थ्य प्रणालीको सुदृढीकरणका लागि आवश्यक लगानी
- ठोस हेरचाह दिने अवधारणाहरूतर्फको राजनीतिक प्रतिवद्धता र
- विश्वव्यापी स्वास्थ्य कार्यक्रम र साझेदारी कार्यक्रमबीचको सहजता

“ बाल जीवन रक्षा खाली मानवअधिकारको कुरा मात्र नभई विकाससम्बन्धी विषय पनि हो” विश्व बैंकको मानव विकास सञ्जालका उपाध्यक्ष जो फूमाफीले बताउनुभयो । “ बालबालिका र आमाको स्वास्थ्यका लागि लगानी गर्नुभनेको राम्रो आर्थिक निर्णय हो र देशलाई राम्रो भविष्य तर्फको बाटोमा लाने एक सुनिश्चित तरिका हो ।”

*( **विश्वका बालबालिकाको अवस्थासम्बन्धी प्रतिवेदन २००८ को विमोचन:** यो प्रतिवेदन जेनेभाको समय १:३० पी.एम.( १२:३० जीएमटी) मंगलवार, २२ जनवरी सा दि प्रेस ३ पाले दि नेशियो, जेनेभा स्वीट्जरल्याण्डमा सार्वजनिक गरिएको थियो । वक्ताहरूमा युनिसेफका कार्यकारी निर्देशक आन एम. भेनेमन, विश्व स्वास्थ्य संगठनका निर्देशक डा.मार्गरेट चान र अफ्रिकी युनियनसम्बन्धी मामिला हेर्ने नियोग प्रमुख बाइनेस पी गवानास हुनु हुनुहुन्थ्यो । )*

-----------------------------------------------------------------------------------------------

***काठमाडौं, २४ जनवरी २००८ :*** "विगतका दशकहरूमा नेपालले बाल जीवन रक्षाका क्षेत्रमा प्रभावकारी प्रगति देखाएको छ" युनिसेफ नेपालका प्रतिनिधि जिलियन मेलसोपले बताउनुभयो । "नेपाल बाल मृत्युदरमा दुई तिहाई कमी ल्याउने विश्वका सात मुलुकहरू मध्ये एक रहेको र सन् २०१५ सम्मका लागि निर्धारित सहस्राब्दी विकास लक्ष्यसम्म पुग्ने बाटोमा धेरै अघि बढेको छ । नेपालका लागि प्रशंसा गर्न लायक कुरा के छ भने देशले एक दशकदेखि भोग्दै आएको द्वन्द्वका बाबजुद पनि हामीले यस्तो प्रगति हासिल गर्न सफल भएका थियौं ।"

सन् २००६ मा भएको जनसंख्या र स्वास्थ्यसम्बन्धी अध्ययनका परिसूचकहरूले नेपालमा नवजात शिशु तथा पाँच वर्षमुनिका बालबालिकाको मृत्यमा सन् २००१ देखि यता २५प्रतिशतभन्दा बढीले कमी आएको देखाएको थियो । पाँच वर्ष नपुग्दै हुने अहिलेको मृत्युदर हरेक १००० जीवित जन्मिएका मध्ये ६१ रहेको छ । जुन गत दशकको तुलनामा ६७ प्रतिशतले कम हो ।

"देशले बाल जीवन रक्षामा उच्च प्राथमिकता दिएका कारण नै यो नाटकीय कमी संभव हुँदै आएको हो," मेलसोपले भन्नुभयो । "नियमित खोप कार्यक्रम, सम्पूर्ण सरसफाइ आदिमा सुधार, बाल्यकालमा हुने रोग विरुद्धको एकीकृत व्यबस्थापनका साथै भिटामिन 'ए' को वितरण लगायतका शृङ्खलावद्ध उपयाहरूका माध्यमबाट लाखौं बालबालिकाको जीवन जोगिदै आएको छ ।"

"नेपालमा बाल मृत्युदरमा कमी आउनु सरकार, दाताहरू र समर्पित स्वास्थ्य कार्यकर्ता लगायत देशभरका ग्रामीण क्षेत्रमा रहेका महिला सामुदायिक स्वयंसेवीबीच विद्यमान साझेदारीसँग गाँसिएको छ," मेलेसोपले थप्नुभयो ।

मेलसोपले युनिसेफ नेपाल अति धेरै जोखिम क्षेत्रहरूका बालबालिकामा केन्द्रित हुन सक्ने कुराको संकेत गर्नुभयो । "नेपालमा बाल मृत्युदरमा उल्लेख्य मात्रामा कमी आए पनि अझै पनि धेरै बालबालिका मृत्यु हुने गरेको छ । धेरै जसो नवजात शिशुको मृत्यु उनीहरू जन्मिएको पहिलो तीन हप्तामा हुने गरेको छ । त्यसैले हामीहरू नयाँ जन्मिएकाको जीवन जोगाउने कुरामा केन्द्रित छौं ।"

जन्मजात शिशु मृत्युको रोकथाम सहस्राब्दी विकास लक्ष्य प्राप्ति गर्नका लागि शिशु मृत्युदरमा निरन्तर रुपमा कमी आइरहेको कुराको सुनिश्चित गर्ने एउटा बाटो हो । बाल बचाउमा सहयोग पुऱ्याउन सञ्चालित अन्य रणनीतिहरूमा प्राथमिक स्वास्थ्य सेवामा सुधार, अति सीमान्तकृत समुदायहरूको पहुँचलाई सुनिश्चित गर्ने र बालबालिका र नानीहरूमा विद्यमान दीर्घ कुपोषणमा कमी ल्याउने जस्ता कुरा पर्दछन् ।

---

**थप जानकारीका लागिः**
जोन ब्रिटेन, सञ्चार प्रमुख, युनिसेफ नेपाल -(मो) ९८५१०५४१३९ (का) ५५२३२०० एo ११८२
रुपा जोशी, सञ्चार विशेषज्ञ, युनिसेफ नेपाल (मो) ९८५१०५४१४० (का) ५५२३२०० एo ११७९